स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



होलीको दिन पारेर बिहीबारदेखि प्रदर्शनमा आएको एक्सनप्रधान फिल्म "आउट ल : दफा २१९"ले बक्स अफिसमा सुखद सुरुवात गरेको छ । पहिलो दिन फिल्मले देशभरका हलमा ४० प्रतिशतमाथि अकुपेन्सी हासिल गऱ्यो । काठमाडौंमा केही शो हाउसफुल समेत भए । "वर्ड अफ माउथ" बलियो भएकाले आगामी दिनमा फिल्मको अकुपेन्सी दर बढाउँदै जाने विश्वास निर्माण टिमको छ ।

आजको विचार...



दलहरुकै... (दुई पेजमा)

इन्द्रबहादुर बराल



अघिल्लो वर्ष सबैभन्दा धेरै फिल्म प्रदर्शन हुने अभिनेताको कीर्तिमान दयाहाङ राईको नाममा रह्यो । उनका ९ वटा फिल्म प्रदर्शन भएका थिए । दुईपटक त उनका आफ्नै फिल्मबीच भिडन्त भयो । यस वर्ष पनि गत वर्षकै संख्यामा उनका फिल्म प्रदर्शन हुँदैछन् । अर्थात् ९ वटा । यो साता रोचक संयोग चाहिँ के जुरेको छ भने उनका दुई फिल्म एक दिनको अन्तरमा प्रदर्शनमा आएका छन् । फागु पूर्णिमाको विदा पारेर हिजो बिहीबार दयाहाङले बाबुको भूमिकामा अभिनय गरेको बायोपिक फिल्म "अञ्जिला" प्रदर्शन भयो ।

❒ वर्ष ३० ❒ अंक २२९ ❒ २०८१ चैत २ गते शनिबार 15 March 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### अन्तरिक्षमा रहेका दुई यात्री पृथ्वी फर्कँदै



(रासस/सिन्ह्वा)

**लस एन्जलस, चैत १**/प्राविधिक समस्याका कारण बुधबार प्रक्षेपण प्रयास रद्द भएपछि नासा र स्पेसएक्सले शुक्रबार एजेन्सीको क्रू-१० मिसनलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आइएसएस) मा प्रक्षेपण गर्ने लक्ष्य राखेका छन् ।

यो मिसन पहिले फ्लोरिडाको नासाको केनेडी स्पेस सेन्टरबाट बुधबार पूर्वी समय अनुसार साँझ ७:४८ बजे स्पेसएक्स फाल्कन ९ रकेटबाट प्रक्षेपण गर्ने तालिका थियो तर फाल्कन ९ रकेटको ग्राउन्ड सपोर्ट क्ल्याम्प आर्ममा हाइड्रोलिक प्रविधिको समस्याका कारण प्रक्षेपण रद्द गरिएको नासाले जनाएको छ ।

नासाका अनुसार, मिसन प्रबन्धकहरूले बुधबार साँझ भेट गर्नुभयो र अन्तरिक्ष यानको उडान मार्गमा उच्च हावा र वर्षाको पूर्वानुमानका कारण प्रक्षेपण प्रयास बिहीबार स्थगित गर्ने निर्णय गरे । यो मिसनले चार अन्तरिक्ष यात्रीहरूलाई आइएसएसमा लैजानेछ । गत जुनदेखि अन्तरिक्षमा फसेका नासाका अन्तरिक्ष यात्री सुनी विलियम्स र बुच विल्मोर सहित चार अन्तरिक्ष यात्रीहरूलाई फाल्कनले पृथ्वीमा ल्याउनेछ ।

# पाल्पामा फागु जोगाउँदै युवा–पाका, हट्दै होलीमा हुने विकृति

रामचन्द्र रायमाझी

**पाल्पा, चैत १**/पछिल्लो समय पाल्पामा लोप हुन लागेको फागु जोगाउन यहाँका युवा-पाकाहरु सक्रिय भएर लागेका छन् । जिल्लाको तानसेन नगरपालिका-१३ छेर्लुङ्गका टोल-टोलमा होलीको अवसरमा यहाँको पुरानो चलनलाई ब्युँताउन टोल, गाउँ, बस्तीमा पुगेर स्थानीयले फागु गीत गाए ।

छेर्लुङ्गमा होलीका अवरमा बिहानैदेखि युवा र पाका पुस्ता फागु गीत गाउँदै रमाउँदै थिए । पाका पुस्ताले गीतको भाका झिक्थे भने नयाँ पुस्ताले यसलाई साथ दिए । उनीहरुले ट्याम्को, ढोलक,मादल र मुजुराको तालसँगै लयबद्ध बनाउँदै गाउँदै होलीको रङसँग रमाउँदै थिए । उनीहरूले गाएको यही ऐतिहासिक फागु गीतले युवायुवतीदेखि बुढाबुढीसम्मको ध्यान तान्यो । मादल बजाउँदै टोल - टोलमा जाँदै गर्दा घरको आगनीबाट धेरैले नियालेका थिए । सडकमा युवायुवती, 'ह्यापी होली -ह्याप्पी होली' भनी रमाइरहेका देखिन्थे । यहाँका युवाहरु भने वर्षौं पुरानो फागु गीत घन्काउँदै गाउँटोलमा छुट्टै माहोल बनाएका थिए । यहाँ युवा र पाकाहरु मिलेर हरेक वर्ष होली पुर्णिमाका अवसरमा परम्परागत संस्कृतिको संरक्षण गर्दै आएका छन् । आधुनिकता र प्रविधिको विकाससंगै होली खेल्ने प्रचलन बढेपछि मौलिक फागु हराउन लागेका बेला छेर्लुङ्गवासीहरु भने सरंक्षणमा जुटेको स्थानीय किशोर भट्टराईले बताए । उनले भने 'दुई/तीन दिनदेखि नै यहाँका युवा र पाकाहरु स्वतस्फूर्त रुपमा सबै टोलहरुमा समूह बनाएर उत्साहका साथ फागु सिकाउने, गाउने र नाच्ने गरिरहेका छन् ।' मौलिक संस्कृतिको संरक्षण र जगेर्ना गर्नुपर्छ भन्ने उद्देश्यका साथ यहाँका युवाहरु लागेको उनले बताए ।



पाल्पाको तानसेन नगरपालिका–१३ छेर्लुङ्गमा लोप हुँदै गरेको मौलिक फागु जोगाउन ट्याम्को, ढोलक,मादल र मुजुराको तालसँगै लयबद्ध फागु गीत गाएर नाँच्दै युवा– पाका पुस्ता । *तस्वीर : किशोर भट्टराई*

फागु खेलेर उठेको केही रकम साथीभाइहरु मिलेर रमाइलो गर्ने र बाँकी रकम सामाजिक कार्यमा खर्च गर्ने गरिएको स्थानीय अगुवा समेत रहेका भट्टराईले बताए । यहाँ त्रेता युगमा भगवान विष्णुका भक्त प्रह्लादको कथामा आधारित भई फागु गाउने प्रचलन छ । जुन अहिलेको पुस्तालाई थाहै नहुँदा लोप हुन लागेको भट्टराईको भनाई छ । आफूहरुले बाजेहरुसँग फागु खेलेको स्मरण गर्दै धनबहादुर भट्टराईले भने 'अहिलेका पुस्तालाई चासो नै छैन । डेक र मोबाइलमा गीत बजाउँछन् हाम्रो पालको फागु हराउन थालेपछि अहिले हामी सबैलाई सिकाउन लागि परेका छौं ।' फागु गाउँदा भाका ठाउँ अनुसार फरक - फरक भएपनि टेम्को, ढोलक, डम्फु, मजुरा मादल बजाएर गीतअनुसार नाच देखाउदै नाच्ने गरिन्छ । दुई दशक अघिसम्म पाल्पासहित पहाडी जिल्लाका विभिन्न गाउँ र टोलहरुमा यसरी गाइने मौलिक फागु अहिले सीमित समूह र टोलमा मात्रै देख्न पाइन्छ ।

**हट्दै विकृति**

होली पर्व सुरु हुनु अगावै अरुलाई लोला हान्ने, पिच्कारीले भिजाउने, सडकमा काम विशेषले हिँड्नेलाई इच्छा विपरित रङ लगाउने जस्ता क्रियाकलाप केही वर्ष यता कम हुँदै गएको देखिन्छ भने यो वर्ष जिल्लामा यस्ता क्रियाकलाप निकै कम देखियो । केही वर्ष अघिसम्म फागुन शुक्ल अष्टमीदेखि नै लोला हान्ने प्रवृत्ति थियो ।

*-बाँकी अन्तिम पेजमा...*

## गोरु पाल्ने किसानलाई पालिकाको अनुदान



**तम्घास (गुल्मी), चैत १**/ चन्द्रकोट गाउँपालिकाले हल गोरु पाल्ने किसानलाई अनुदान दिनेभएको छ । गाउँपालिकाको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमअनुसार पालिकाभित्र हल गोरु पाल्ने किसानलाई प्रतिकिसान रु तीन हजारका दरले अनुदान दिने जनाएको छ ।

अनुदान दिनका लागि पालिकाले दुई सय ५८ किसान छनोट भएका छन् । जसअनुसार वडा नं १ मा २४, वडा नं २ मा ३४, वडा नं ३ मा नौ, वडा नं ४ मा ३९ तथा वडा नं ५ मा ६९ जना छन् । त्यसैगरी वडा नं ६ मा ३१, वडा नं ७ मा १४ र वडा नं ८ मा ३८ जना किसान छनोट भएको गाउँपालिकाका सूचना अधिकारी शिव ज्ञवालीले जानकारी दिए । अनुदानका लागि पालिकाले आवेदन खुलाएको थियो । जसमध्ये पालिकाले अनुगमन गरेपश्चात् कम्तीमा दुई वटा अर्थात् एक हल गोरु पाल्ने किसानलाई छनोट गरेको ज्ञवालीले जानकारी दिए । अनुदानको रकम सम्बन्धित वडाबाट वितरण गरिनेछ । गाउँपालिका अध्यक्ष युवराज केसीले विविधतायुक्त कृषि प्रणालीलाई सहयोग गर्न अनुदान दिन थालिएको बताए । "समथर र ठूला खालका जग्गामा यन्त्र उपकरण दिइएको छ", उनले भने, "भिराला जग्गामा गोरुकै काम हुने भएकाले अनुदान दिन थालेका हौं ।" -रासस

# पूर्व विशिष्टहरुलाई सुविधा दिने बारे सरकारलाई थाहा छैन : उपप्रधानमन्त्री सिंह

**पाल्पा, चैत १**/उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहले पूर्व विशिष्टहरुलाई सुविधा दिने विषयमा सरकारलाई थाहा नभएको बताएका छन् । शुक्रबार नेपाली काँग्रेस पाल्पाले आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्दै सिंहले पूर्वविशिष्टहरूलाई आजीवन सुविधा दिने गरी सरकारले विधेयक ल्याउन लागेको भन्ने समाचार आएकाले त्यस विषयमा सरकारलाई नै थाहा नभएको बताएका हुन् ।



मन्त्री सिंहले सरकारले पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, मन्त्रिपरिषदका पूर्वअध्यक्ष र राष्ट्रियसभा पूर्वअध्यक्षलाई सुविधा दिन लागेको छ भन्ने कुरा आएकाले त्यो हल्ला भएको उल्लेख गरे । उनले भने 'अहिले हामी सरकारमा छौं,तर हामीलाई नै थाहा छैन, अब कुन सरकारको समयमा के आवश्यकता परेर ल्याउने कुरा भएको होला, त्यो कुरा अहिले ल्याएर दललाई अफठ्यारो पार्न खोजिएको हुन सक्छ , त्यो त भएन नि , यो सबैले बुझ्न जरुरी छ ।' मन्त्री सिंहले वर्तमान सरकारले नागरिकका पक्षमा केन्द्रित रहँदै आशा जगाउने काम गरिरहेको बताए । उनले शिक्षा, स्वास्थ्य, रोजगार र व्यावसायिक क्षेत्रको सुधारमा सरकार योजना बनाएर अघि बढिरहेको उल्लेख गरे । स्वदेशमा सीप विकास, रोजगारीका अवसर सिर्जना गर्दै युवालाई स्वदेशमा बस्ने वातावरण बनाउने पक्षमा काम भइरहेको भन्दै अब देश बनेन् भनेर चिन्तित हुनुपर्ने अवस्था नभएको पनि उपप्रधानमन्त्री सिंहले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## अधिकारविहीन उपभोक्ताको अधिकार दिवस

विश्व उपभोक्ता अधिकार दिवस प्रत्येक उपभोक्ताले आफ्ना अधिकार सम्भने दिन हो । सरकार तथा नियमन निकायहरूले अधिकार रक्षा र सम्बर्द्धन गर्ने हुँदा आफूले यस क्षेत्रमा के कति काम गरे भनी नागरिकलाई सूचना सम्प्रेषण गर्ने दिनका रुपमा दिवसलाई लिने गरिन्छ ।

तत्कालीन पहिलो विश्वयुद्धबाट सिर्जित आर्थिक मन्दीका कारण अर्थव्यवस्थाले काम गर्न नसकेको भनी आलोचना भइरहेका वेला बजारको एकाधिकारपूर्ण र अनुचित व्यापारिक क्रियाकलापविरुद्ध राल्फनाडर फोरेन्स केली, भाइकल भेरनन्, कार्टिस अरनोल्डो, टम पिपरलगायत अधिकारकर्मीले थालेको आन्दोलनको दबाबमा अमेरिकी राष्ट्रपति जोन अफ केनेडीले १५ मार्च १९६२ मा प्रत्येक उपभोक्तालाई सुरक्षा, सूचना, सुनुवाइ र छनोट गर्न पाउने गरी चार अधिकारसहितको घोषणापत्र पारित गरेका थिए । त्यसैलाई विश्वको पहिलो उपभोक्ता अधिकार पत्र मानिन्छ । त्यही दिनको सम्भनामा १५ मार्चलाई विश्व उपभोक्ता अधिकार दिवसका रूपमा मनाइन्छ । तिनै चार अधिकारको आधारमा उपभोक्ता अधिकारलाई व्यापक बनाउन सन् १९८५ अप्रिल ९ मा संयुक्त राष्ट्रसंघको साधारणसभाबाट सुरक्षा, सूचना, सुनुवाइ, छनोट, शिक्षा, क्षतिपूर्ति, आधारभूत आवश्यकतामा पहुँच र स्वच्छ तथा स्वस्थ वातावरणको अधिकारसहित आठ अधिकारलाई उपभोक्ता अधिकारका रूपमा घोषणा गरी 'युएन गाइडलाइन फर कन्जुमर प्रोटेक्सन' १९८५ पारित भएको हो । तर अहिले सम्म पनि उपभोक्ताले ति अधिकार प्राप्त गर्न सकेका छैनन् । यो अत्यन्त दुखको कुरा हो । नेपालमा उपभोक्ता हित र स्वच्छ बजार कायम गर्न दर्जनौं ऐन कानून भए पनि आम उपभोक्ताले अझै पनि महसूस गर्न पाएका छैनन् । अहिले बजारमा नेपाली उपभोक्ताहरू वस्तु र सेवा दुवै क्षेत्रमा दिन दुगुना र रात चौगुना ठगिइरहेका छन् । एउटा उपभोक्ता बजार गएर घर र्फकदा आफू सवर्स्व लुटिएको महसूस गर्दै घर फर्कनु परेको छ । भ्रामक र झुठा विज्ञापन कमजोर नियमन र कारवाहीबाट उपभोक्ताले विश्वास गर्ने ठाउँ रत्तिभर छैन । उपभोक्ता बजारमा हुने अखाद्य वस्तुको उत्पादन, बेचबिखन, भण्डारण, गुणस्तरहिन सामानहरूको बिगबिगी,उपभोक्ताको अनुहार हेरेर कायम मूल्य, फलफूल तरकारी र माछामासु खान बाध्य छन् । पानी, दुध, बिस्कुट, चामल, तेल लगायत दैनिक अत्यावश्यक खाद्यवस्तु ढुक्कका साथ प्रयोग गर्न सक्ने अवस्था अहिले पनि छैन । विगतका वर्षहरूको मूल्याङ्कन गर्ने हो भने उपभोक्ता दिवसको दिन बाहेक अन्य कुनै पनि दिन उक्त विषय र नाराले स्थान पाउँदैन । सरकारी एकदिने कर्मकाण्डी दिवसले आम उपभोक्ता अधिकार संरक्षण र प्रवर्द्धन हुन सकेको छैन । साथै उपभोक्ता हित र अधिकारप्रति राज्य सवेदनशील हुन पनि सकेको छैन । यसर्थ आमउपभोक्तालाई कुनै पनि उपभोग्यवस्तुमा ठगिने र मर्कामा पर्ने परिपाटीको अन्त्य हुनु पर्छ ।

### Opinion @ Social Network

हाम्रो अवस्था कमजोर हुन सक्छ, तर हाम्रो आत्मबल कहिल्यै कमजोर हुँदैन।
*(राम रानाको फेसबुक स्टाटस https://www.facebook.com/rana.ram505624)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दलहरूकै कारण गणतन्त्रमाथि खतराको संकेत



इन्द्रबहादुर बराल

*यो अस्थिरतामा पुरातनवादी शक्तिहरूले यसरी मुन्टो उठाउन सक्ने अवस्था आउने थिएन । तथाकथित अग्रगामी भनिने राजनीतिक दलहरूले जनतालाई केन्द्रमा राखिदिएर काम गरेको भए आज यस्तो अवस्था आउने थिएन । त्यसैले भन्न करै लाग्छ कि आज देखिएको स्थिति यिनै दलहरूकै अकर्मण्यताले हो । यद्यपि मुलुक लोकतान्त्रीकरण भएपछिका समय, राजतन्त्रमा भए/गरेका विकासलाई निष्पक्ष र स्वतन्त्र रूपले तुलनात्मक अध्यायन गऱ्यो भने पनि थाहा हुन्छ कि यहाँ केही भएको छ तर भ्रष्टाचार, कुशासनका सनसनीपूर्ण हल्लाले ती उल्लेखनीय विकासका कार्य ओझेलमा पर्न गए र आमजनतामा नकारात्मक प्रभाव पर्न गएको तथ्य आफैं बोल्छ । अहिले उत्पन्न परिस्थितिका मुख्य जिम्मेवार नेपाली काग्रेस, नेकपा एमाले र माओवादी केन्द्र हुन् ।*

शोषित-पीडित जनताको पक्षमा आफूलाई उभ्याउँदै आएका गणतान्त्रिक दलहरूको अकर्मण्यताले देशमा आज अस्थिरता उत्पन्न भएको छ । यो वर्तमान अस्थिरताले मुलुकलाई कुन भड्खालोमा जाक्ने हो ठ्याक्कै भन्न नसकिए पनि संशय भने जन्माएकै छ । अहिलेको तरल राजनीतिक स्थितिले धेरै आशंक पैदा गरिदिएको छ जुन कुरा नकार्न सकिँदैन । यस्तो अवस्थामा देश नै रहने हो कि होइन भन्नेसम्मका लख काटिँदैछ । यसका पछाडि परिवर्तनकारी दलहरूकै अकर्मण्यताले हो भन्न हिचकिचाउन पर्दैन । खास गरेर नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादीको अकर्मण्यता नै आजको समस्या हो । यदि यिनीहरूले जनतालाई केन्द्रमा राखेर काम गरिदिएको भए अवश्य यो अस्थिरता आउने थिएन ।

यो अस्थिरतामा पुरातनवादी शक्तिहरूले यसरी मुन्टो उठाउन सक्ने अवस्था आउने थिएन । तथाकथित अग्रगामी भनिने राजनीतिक दलहरूले जनतालाई केन्द्रमा राखिदिएर काम गरेको भए आज यस्तो अवस्था आउने थिएन । त्यसैले भन्न करै लाग्छ कि आज देखिएको स्थिति यिनै दलहरूकै अकर्मण्यताले हो । यद्यपि मुलुक लोकतान्त्रीकरण भएपछिका समय, राजतन्त्रमा भए/गरेका विकासलाई निष्पक्ष र स्वतन्त्र रूपले तुलनात्मक अध्यायन गऱ्यो भने पनि थाहा हुन्छ कि यहाँ केही भएको छ तर भ्रष्टाचार, कुशासनका सनसनीपूर्ण हल्लाले ती उल्लेखनीय विकासका कार्य ओझेलमा पर्न गए र आमजनतामा नकारात्मक प्रभाव पर्न गएको तथ्य आफैं बोल्छ । अहिले उत्पन्न परिस्थितिका मुख्य जिम्मेवार नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र हुन् ।

सर्वसाधरण नेपाली जनतामा देश बरबाद र अस्थिरतातर्फ धकेल्ने प्रमुख कारक तत्व यिनीहरू नै हुन भन्नेमा दुईमत छैन । पार्टीहरूमा अवसरवादी तत्व हावी हुँदै जाँदा इमानदार र निष्टावान कार्यकर्ता पाखा लगाइँदै गर्दाको परिणाम हो यो । मुख्य भनिएका दलहरू सग्ला कुनै छैनन् । अरू त के कुरा गर्नु खोई नेपाली कांग्रेसमा सर्वोच्च कमाण्डर गणेशमान सिंह र सन्तनेता कृष्णप्रसाद भट्टराई त टिक्क नसकेको अवस्थामा अन्य निष्टावान कार्यकर्ता पीडा र कुण्ठाका साथ कति किनारामा छोडिए होलान् त्यसको कुनै लेखाजोखा नै छैन । एउटा घटना अझै झलझली सम्झनायोग्य छ । मोहन चापागाईलाई नेपाली कांग्रेसमा प्रवेश गराइयोमात्र होइन उनलाई तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको किचन क्याबिनेटमा पुऱ्याउने काम भयो । त्यसपछि तिनै मोहन चापागाईकै सक्रियतामा पार्टीभित्र चरम गुटबन्दी सुरु भएको थियो । सुविधाजनक बहुमत प्राप्त संसद् विघटन गराउन सफल भएपश्चात् फुत्त निस्किएर जहाँबाट आएका थिए तत्पश्चात आफ्नै पुरानो ठाउँमा गएका थिए मोहन चापागाईं । यस्ता घाती, प्रतिघाती र षड्यन्त्रकारी सबै पार्टीहरूमा घुसपैठ हुँदै गर्दा आज कांग्रेस, एमाले र माओवादी यस्तो हालतमा पुगे । लाजमर्दो कुरा त के छ भने एउटा दुर्गा प्रसाईं भन्ने व्यक्तिले सिंगो मुलुकमा तहल्का मच्चाइदिएको छ । तर, दलहरू टुलुटुलु हेरेर बस्नुको विकल्प देखिँदैन । राजतन्त्रको पुनर्स्थापनाको अभियानमा दुर्गा प्रसाईंको पछिपछि राप्रपा लाग्नुपरेको छ ।

समग्र पछिल्लो विकसित राजनीतिक घटनाक्रमको यथार्थ र वस्तुपरक समीक्षा गणतन्त्रवादीहरूले अझै गरेजस्तो देखिँदैन । नेपालमा देशीविदेशी शक्ति अहिले राजतन्त्र, हिन्दुराज्यको स्थापनार्थ लागिपरेको अनुमान र अनुभव गरिँदै गरेको अवस्था विद्यमान छ । जबर्जस्त विभिन्न भ्रष्टाचारका प्रोपोगण्डा व्यापक चलाइएको छ र जनतामा पनि हो कि भन्ने भ्रम परिसकेको देखिन्छ । तर, दलहरूले त्यस्ता प्रचारबाजीलाई चिर्न नसक्दा जनता क्रमश: दलहरूप्रति नकारात्मक धारणा बनाउँदै गएको तथ्य यसै प्रष्ट छ । यसर्थ यस्तो अवस्थामा हिन्दुराज्य र राजतन्त्रको आडमा आफ्नो भविष्य सुनिश्चित देख्नेहरूका लागि फागुन ६ को प्रजातन्त्रको दिवसको पूर्वसन्ध्यामा दिएको सन्देशले त्राण मिलेको छ । त्यही त्राणले उनीहरू आज सडक कब्जा गर्न केही हदसम्म सफल पनि देखिएका छन् । सारा मिडियाहरूले कतै राजतन्त्रको पक्षमा वातावरण बनाउन त लागेका होइनन् भन्ने पर्न गएको छ । अत: यो अहिलेको परिस्थिति सिर्जनाका कारणहरूको गम्भीर समीक्षा गर्दै कमिकमजोरीलाई केलाउँदै र सच्चिँदै नगए भन्न सकिँदैन राजतन्त्र पुनर्स्थापना नहोला भनेर । त्यसैले ठोकुवाका साथ भन्न सकिन्छ कि आज जुन परिस्थिति देखिएको छ त्यसको प्रमुख कारण यिनै दलहरू हुन् । प्रमुख दलहरूमा देखिएको असहिष्णुता र मनोमालिन्यताले एकअर्कालाई तथानाम आरोप-प्रत्यारोपमा लाग्दा गणतन्त्रविरोधीले मौका पाए । हिजोका पहिलो र दोस्रो जन-आन्दोलनले हुत्याएर रछ्यानमा पुऱ्याइएका दुर्गन्धित तप्काकाहरू आज अत्तर चार्किएर सुगन्धित हुँदै देखापरेका छन् ।

तिनका अगाडि हिजोका ती परिवर्तनकारी शक्ति आज नतमस्तक देखिँदैन छन् । यसबाट के अड्कल गर्न सकिन्छ कि या त ती परिवर्तनकारी शक्तिहरू राज्य सञ्चालनमा असक्षम हुन् या बजारमा आएजस्तै यिनीहरू भ्रष्टाचारी नै हुन् । 'मुढाको मुख झिजाले पोल्छ' भने जस्तै देशको स्थिति गम्भीर मोडमा पुगेको छ । देश मुठभेडमा छ । राजावादीहरू सिधा टक्कर दिन तम्तयार देखिन्छन् । उनीहरूको (राजतन्त्रवादी) लागि त 'आए आँप गए झटारो' त हो नि तर ज्ञानेन्द्र शाहले ठूलै दाउ हानेका छन् । कि पुन: राजा भइन्छ कि बन्दी जीवन बिताउँछु भन्ने खालको जोखिम उठाएका छन् । शायद यस्तो खालको जोखिम दुर्गा प्रसाईंको आडमा मात्र उठाएका होलान् जस्तो लाग्दैन । सम्भवत: उनले बाहिरी शक्तिबाट केही आडभरोसा पाएको हुनुपर्छ र त्यसैको आडमा सन्देश प्रवाह गरेको हुनसक्छ । गणतन्त्रका बलिया स्तम्भमध्ये एक माओवादी हो जुन अहिले सांगठनिक रूपमा कमजोर देखिन्छ । सतीदेवीको अंग पतन भए झैं माओवादीको अंग पतन भएर हाड र छालामात्र बाँकी छ । यस्तो शक्तिले पुरानो धङ्धडीले मात्र गणतन्त्रको रक्षा गर्न सम्भव छैन । कांग्रेस एउटा विशिष्ट परिस्थितिमा गणतन्त्रवादी बन्नपुगेको हो र साथै महान् हस्ती गणेशमान र किसुनजीलाई पहिले नै पार्टीमा अड्न नसक्ने स्थितिमा पुऱ्याइसकेका थिए जसले जस्तोसुकै पनि त्याग गर्न सक्थे । अब त्यस्तो अवस्था कांग्रेसमा छैन । तेस्रो शक्ति नेकपा एमाले पनि छियाछिया भएको छ । यस्तो मौका छोपेर चालिएको राजतन्त्र पुनर्स्थापनाको अभियानलाई कम आँक्नु हुँदैन र सकिँदैन पनि ।

उता गणतन्त्रवादीहरूमा विचलन आउन सक्ने प्रबल सम्भावना छ । यस कारण यिनै गणतन्त्रवादी आफ्नै कमजोरीले अलमलमा छन् । जनमत ज्ञानेन्द्र शाहको पक्षमा हो कि भने जस्तो देखिँदैछ । कांग्रेस-कम्युनिष्टप्रति जनता सकारात्मक छन् भन्न सकिने अवस्था छैन । यसै देश भ्रष्टाचार र कुशासनले थला परेको छ त्यसमा पनि चरम आर्थिक मन्दीले शिथिल भएको छ । यस्तो अवस्थामा सरकार, सरकारमा सामेल दलहरूले देशवासीलाई कसरी आश्वास्त पार्लान् र गणतन्त्र जोगाउलान् भन्ने चर्चा सुनिन थालेको छ ।

हुन त यस्तो पनि चर्चा सुनिन्छ कि २०६२/०६३ को आन्दोलनको एजेण्डा गणतन्त्र थिएन जनतालाई झुक्यानमा पारेर गणतन्त्र घोषणा गरिएको हो भन्नेहरू व्यापक छन् । साथै राजाको ठाउँमा आएका राष्ट्रपतिहरू पनि त्यति ओझपूर्ण नदेखिँदा गणतन्त्रप्रति मानिसहरूको विश्वास टुट्न गएको हो कि भन्ने ठाउँछ । यसर्थ अहिले गणतन्त्रमाथि धावा बोल्नुको पछाडिका कारणको खोजी गरेमा दलहरू नै जिम्मेवार छन् । त्यसैले दलहरूले वर्तमान परिस्थितिको कारक तत्व आफैंभित्र खोजी गरेर जान सक्नुपर्छ नत्र सत्ता र शक्ति जसरी ज्ञानेन्द्र शाहले जनताको नासो जनतालाई जिम्मा लगाएर गद्दी त्याग गरेका थिए त्यसरी नै दलहरूले उनलाई कारबाही गर्छौं र थुन्छौं भन्नुको सट्टा सहानुभूतिको दृष्टिले हेर्नुपर्ने हुन्छ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आत्मविश्वास बढ्नेछ । नयाँ अवसरहरू प्राप्त हुने संकेत छ । | **तुला** : मानसिक शान्ति मिल्नेछ। सामाजिक मान प्रतिष्ठा बढ्नेछ । |
| **वृष** : पारिवारिक जीवन सुखद रहनेछ। नयाँ लगानीका लागि समय अनुकूल छ । | **वृश्चिक**: आत्मनिर्णय क्षमताले सफलता दिलाउनेछ । धनलाभको सम्भावना छ । |
| **मिथुन** : यात्राका अवसर आउन सक्छन्। कार्यक्षेत्रमा थोरै चुनौती आउन सक्छ । | **धनु** : बुद्धिमत्ताले काम लिँदा फाइदा हुनेछ। विवादित विषयहरू टाढा राख्नुहोस् । |
| **कर्कट** : आत्मबलले सफलता हात पार्ने समय हो । खर्चमा ध्यान दिनुहोस् । | **मकर**: पारिवारिक जीवन सन्तोषजनक रहनेछ। आत्मविश्वास बढाउने समय हो। |
| **सिंह** : परिश्रम अनुसार फल प्राप्त हुनेछ। शुभ समाचार सुन्न पाइनेछ । | **कुम्भ** : शुभकार्यको योजना बन्न सक्छ। अध्ययन र अनुसन्धानमा राम्रो प्रगति हुनेछ। |
| **कन्या** : नयाँ अवसरहरू मिल्नेछन् । प्रेम सम्बन्धमा मिठास थपिनेछ । | **मीन** : धैर्य र संयम अपनाउनुहोला। नसोचेका अवसरहरू आउन सक्छन्। |

# साहित्य दर्पण

निबन्ध — डा. टीकाराम पोखरेल

## मान्छेको मूल्य !

मान्छेको मूल्य कति हो ? परीक्षाको उत्तरपुस्तिकामा लेख्ने गरी यसको उत्तर पाउन सकिएको छैन । त्यसो त मान्छेको मूल्य नै हुन्छ कि हुँदैन भन्ने नै पनि बहसको विषय छँदैछ । भौतिकवादी युगमा हरेक कुरालाई मूल्यमा मापन गरिने हुँदा मान्छेको मूल्य नै हुँदैन भन्न पनि सकिँदैन । प्राकृतिक प्रकोपमा लाखौँ, करोडौँ वा यति र उति धनजनको क्षति भयो भनिन्छ । 'जन' अर्थात् मान्छेको क्षति हुन्छ भने क्षति हुने कुराको मूल्य पक्कै हुन्छ । मूल्य नहुने कुराको त के को क्षति ? विज्ञानका दृष्टिमा कुनै वस्तुको परिमाण मापन गरिन्छ भने त्यो नै त्यसको मूल्यको आधार हो । मान्छेको मूल्य छ, त्यसोभए मान्छे बिक्री हुने हाटबजार कहाँ लाग्छ ? जिज्ञासा अस्वाभाविक छैन । प्रचीन कालमा मानिसलाई दासदासीको रुपमा खुलमखुला विक्री गर्ने गरिएको भन्ने इतिहास पढिए पनि आज त्यस्तो हाटबजार लाग्ने स्थान पाइँदैन भन्ने आदर्श विश्वास छ । यद्यपि खुलमखुला नभए पनि विश्वका कुनाकाप्चामा कुनै न कुनै रुपमा मान्छे आज पनि विक्री भइरहेको छ ।

खाली खुला बजार नभएको मात्र हो । मानिसको भौतिक विक्रीको जमाना सकियो भनेर एकछिनलाई मान्ने हो भने पनि मान्छेको किनबेच रोकिएको छैन । कानुनले त विक्री रोक्यो, तर मान्छे आफैँ कुनै न कुनै रुपमा विक्री भैरहेको छ । इतिहासमा शक्तिशाली मान्छेले शक्तिहीन मान्छेलाई बेच्थ्यो । आधुनिक जमानामा भने मान्छे परिस्थितिको दास भएर स्वयम्ले स्वयम्लाई विक्री गरिरहेको छ । मानिस विक्री नै हुन्छ भन्ने हो भने मानिसको मूल्य कति हो त ? तरकारीको भाऊ सिजन अनुसार फरक भएजस्तो परिस्थिति अनुसार मान्छेको मूल्य फरक हुने गर्छ । मानिस मर्दा मानिसको मूल्य कति हुन्छ ? त्यसबेला आँसुले बताउँछ मानिसको मूल्य । जति धेरै आसुँ त्यति धेरै मूल्य । जसको लागि धेरै आँसु झारिन्छ, चाहे त्यो व्यक्तिप्रति आँसु झार्नेको श्रद्धाले, मायाले वा आवश्यकता जेसुकैले किन नहोस् । आँसुमा मानिस साटिन्छ । आसुँ झारेर मरेर गएको मानिसको मूल्य चुक्ता गरिन्छ । जसरी सहिदहरुका मूल्य मौनधारणमा गएर टुंगिन्छ । त्यसो त आजकलका सहिदको मूल्य मौनधारणले मात्र पनि चुक्ता हुँदैन । सहिदको मूल्य आजकल बढेको छ । आजकलका सहिदले पाउने १० लाखको मूल्य हेर्दा लाग्छ, गंगालाल, दशरथ चन्द, धर्मभक्त र शुक्रराजहरुको योगदान खै ? खै तिनीहरुले १० लाख लिन सकेका, सायद ती साना सहिद हुन् । १० लाखमा विक्दैनन् तिनीहरुका योगदान । आसुँको मूल्यकै कुरा गर्ने हो भने ती चार शहिदका सन्तानले कति आँसु बगाए होलान्, उनीहरुले मात्र होइन, आजसम्म नेपालीहरुले उनीहरुप्रति श्रद्धा व्यक्त गरेर उनीहरुको मूल्यको गान गाइरहेका छन् । तर १० लाखे सहिदहरुले ती सहिदहरुलाई अवमूल्यन गरिरहेका त छैनन् ? यसको उत्तर आन्दोलनमा मर्नु अगाडि नै मरेमा ५० लाख पाउने छौ भनी मूल्य तोक्नेहरुले भन्न सक्लान कि नसक्लान् ? फेरि मृत्युको मूल्यकै कुरा । मान्छेको मृत्युको मूल्य कति ? एउटै मान्छेलाई राज्यले मार्‍यो भने कति, त्यहि मान्छेलाई सवारी चालकले मार्दा ? अनि अपराधीले मार्दा नि ? साँच्ची आफैँ दुर्घटनामा मरेको मान्छेको मूल्य कति हुन्छ ? सरकारले मार्दा मान्छेको मूल्य आन्दोलनले तोक्छ । जति ठूलो आन्दोलन र विरोध त्यति धेरै मूल्य । सवारी चालकले मान्छे मारे पनि आन्दोलन नै हो मूल्य असुल उपर प्रक्रिया । दुर्घटनामा मान्छे मरेछ भने बीमा कम्पनीले तोक्छ मृतकको मूल्य । अझ भनौँ म मरेँ भनी यति तिर्नु भनी आफ्नो मूल्य आफैँ तोकेर दुर्घटनामा पर्छ मान्छे । बीमा गरेको रहेछ भने मूल्य पाउँछ, रहेनछ भने उही परिवारको आँसु हो उसको पनि मूल्य । कुनै अपराधीले निरपराध मान्छे मार्दा मूल्य आँसु बाहेक केही हुन्न । कहिलेकाहिँ आतंककारीको नाममा टाउकोको मूल्य तोकेको पनि नसुनेको होइन । त्यसो त आतंककारीको त ठूलै पो हुन्छ त मूल्य । नेपाल जस्तो गरिब मुलुकमा शरीर बाहेकैको टाउकाको मूल्य ५० लाख तोकिएको सुनिएको हो । यो दशक अगाडिको कुरा हो । अहिले कसैलाई आतंककारी घोषणा गरेर टाउकोको मूल्य तोके कति करोड पर्ला ? बजार भाउ त निकै बढिसक्यो । डनहरुले मान्छे मार्न सुपारी तोक्छन् भनेको समाचार पढिन्छ । तर त्यसको मूल्यको त कुनै सीमा नै छैन । हजारदेखि लाख हुँदै करोडसम्म । हुनसक्छ अब कुनै दिन डनहरुले मान्छे मार्न अरबको कबुलेको कुरा सुनिएला । अस्पतालमा मान्छे मर्छ, पैसामा कुरा मिल्छ । मर्छ एक, मोल तोक्ने अर्कै हुन्छ । गाडीले मान्छे किच्छ, लास सडकमा तेर्सेर मूल्य खोज्छ । सडकले गर्छ मान्छेको मूल्य निर्धारण । ल हेरौँ त, मान्छे मर्नु त मर्नु नै हो । तर हेर्नुस् त मृत्युका मूल्य कति फरक ? मरेका टाउकाका मात्र होइन जिउँदा टाउकाका पनि मूल्यहरु छन् । एउटा नेताले जनताको भोटको काउण्ट गरेर आफ्नो पद सुनिश्चित गर्छ । मानौँ उसको पदका लागि जनतारुपी मूल्य तिरिन्छ । कुनै विद्यालय मालिक आफ्नो विद्यालयमा विद्यार्थीका टाउकाको मूल्य गन्छ र आफ्नो विद्यालय सानो कि ठूलो भनेर निर्धारण गर्छ । कुनै पार्टी वा संगठनको मूल्य उसका क्रियाशील सदस्य संख्याले निर्धारण गर्छ । यो बाहिरी टाउकाको मूल्यको कुरा भयो । त्यसो भा भित्री टाउकाको नि ? आजकल विचारको मूल्य, चेतनाको मूल्य, इच्छाको मूल्य, चाहनाको मूल्य, तनको मात्र होइन मनको पनि मूल्य चलेको छ । तपाईँ विचारलाई तिलाञ्जली दिनुस् नगद मिल्छ, चेतनाहीन बन्दिनुस्, दास बन्न पाउनुहुन्छ, दास बनेपछि कतै न कतै फाइदा हुन्छ, फाइदा नै तपाईँको मूल्य हो । दास भन्दा अलि अप्रिय लागे निगाह बक्स हुन्छ तपाईँमाथि भनेर बुझ्नुस् । इच्छा र आकाक्षाहरु दबाउनुस् जिउँदो लास जस्तो भएर लासको मूल्यमा विक्री हुनुस् । मन एकातिर भए पनि अर्कातिर लागेर सहमति र सम्झौताको नाममा झुक्नुस्, मिल्छ केही न केही । त्यसो भए आजकल मान्छेको कहाँ छैन मूल्य । जहाँ पनि छ, खाली बेच्न मात्र सक्नुपर्छ मान्छे, अनि किन्न मात्र सक्नुपर्छ मान्छे । हेर्नुस् त बैंकका क्यासियर, रेष्टुराका वेटर र जहाजका एयरहोष्टेजहरुले हाँसोको पनि मूल्य लिइरहेका छन् । मान्छेको आसा, विश्वास र भावनाको मूल्य कति हो भनेर कसैलाई प्रश्न गरे कल्पना गरौँ त कस्ता कस्ता उत्तर आउलान् ? आजको मान्छे पैसामा बिनियम भएको पक्कै हो । मान्छेको मूल्यभन्दा पैसाको मूल्य बढी छ । पैसा मान्छेका लागि होइन, मान्छे पैसाको लागि भयो । पैसाको दास हो मान्छे । यसले गर्दा आजको मान्छेले नै मान्छेको मूल्य अवमूल्यन गर्दैछ । मान्छेको मूल्यमा ह्रास आएको छ । धर्म भन्छ, सबै सत्ता भगवानको हो । मान्छे निमित्त मात्र हो । द्वन्द्वात्मक भोतिकवादले यो कुरा अस्वीकार गरोस् भलै, उसले श्रमजीवीको वकालत गरोस् भलै । तर मान्छेको मूल्य खिँइदै गएको छ । शहरमा उउटा कोठामा बस्नेले अर्को क्ठााको मान्छे चिन्दैन । एकको लागि न अर्को रुन्छ न हाँस्छ । त्यसो त आजको मान्छे आफ्नो लागि समेत रुन, हाँस्न र बाँच्न सक्तैन, त्यस्तो मान्छे अरुका लागि के रोला, के हाँस्ला, के रोला ? त्यस्तो मूल्यहीन मान्छेको लागि अरुले आँसु बगाउनु पनि बालुवामा पानी नै त हो । यहाँ मान्छे जन्मँदैन मात्र, मर्छ पनि । भनिन्छ, मान्छेले बाँचुञ्जेल ३ कुरामाथि असाध्यै मोह राख्छ रे, नाम, कपडा र घर । मान्छे मरेपछि उसको नाममा स्वर्गीय विशेषण लाग्छ, उसका कपडाहरु कात्रोमा परिणत हुन्छन्, मसानघाट उसको बस्ने घर हुन्छ । तर मान्छे नमर्दै किन आफ्नो मूल्य घटाउँछ ? मान्छको मूल्यमा आएको ह्रास हो कि मूल्यहीन नै भएको हो मान्छ ? मान्छेलाई किनबेच गर्न पाइँदैन, त्यसैले मान्छेको मूल्य नै हुँदैन भन्छ, कानुन । कानुनले नभनेर के गर्नु आज पाइलापाइलामा मान्छे खरिद विक्री भैरहेको छ भन्छ, व्यवहारवादी दृष्टिकोण । तर दर्शनले भन्छ, मान्छेको कुनै मूल्य नै छैन, मूल्यहीनको मूल्यको के कुरा गर्नु ? त्यसो भए आखिर मान्छेको मूल्य कति हो ? जसले जति, जति, जुन तरिकाले, जुन परिवेशमा बुझ्छ त्यति नै मान्छेको मूल्य हो । उत्तरपुस्तिकामा लेख्न मिल्ने उत्तर चाहिँ आयो कि आएन कुन्नि ?

***-समकमालीन साहित्य डटकम***


### डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा


कथा — अमृता बुढाथोकी

## हाम्रो पढ्ने अधिकार खै !

ओइलिएको फूल फुलाउनू जस्तै सहयोगको नाममा पटक पटक क्यानभासमा उतारेर, आफ्नो दुनो सोझ्याएर छाडेपछि बिहान बेलुका गर्जो टार्न नपाएर राज्यबाट विश्वास गुमाएपछि फेरि, बाँच्नका लागि बालुवामा आशाका बिरुवा रोपिरहेछन् शक्तिका भरमा बगरमा ऋसर खोलेर बस्तीमा नदी छिरेपछि

घरैमा दिन कटाइरहेछन् हिंड्न नसक्ने ससाना स्कूले बालबालिका शिशिर ऋतुको समापनसँगै पूर्वी क्षितिज रिसाएर मेघ गर्जाउँदा मुटुमा चट्याङ परेको आभास गर्छन् मानबहादुर । बिपी राजमार्गको सिन्धुली मुलकोट–५ खण्डको नागबेली मार्गको भित्तामा सजाइएका सीसै–सीसाको लस्करबाट आफ्नै सर्वस्व गुमाएको बस्ती हेरेर टोलाउँछन् । विगत सम्झेर आफैँमा हराउँछन् । मुलकोटका बाढी पीडित । बिपी राजमार्ग, अनि लुक्ला जाने कोसी पारि रामेछापको विमानस्थललाई आधार बनाउँदै मुलकोटमा खुलेका मध्यम खालका केही होटल सञ्चालकको पनि अवस्था उस्तै छ । गत असोज ११ र १२ गते आएको सुनकोसीको बाढीले मुलकोट बजार, सित्खा, खैरनी, रातमाटालाई डुबाएर बगर बनाएपछि उब्जिएको जीवनको निराशा र सबैबाट उडेको भरोसालाई देखेर टोलाउन बाहेक के नै पो गर्न सक्छन् र ! राजमार्गको नागबेली बाटोको भित्तामा सजाइएका ऐनाको लस्करभित्रै लुकेको सेतेदेवी मन्दिर र पूर्वपट्टिको नाङ्गे डाँडास्थित सहिद पार्कबाट तल नदी तीरलाई नियालेर झस्कँदै मानबहादुर माझी सोच्छन्, 'असोजआँ त्यो विपद् नआइदिएको भए ! घरभरि अन्नपात हुन्थ्यो, पशुपति आधारभूत विद्यालयमा बौद्धिक अपाङ्गता भएको छोरो पनि पढिरहेको हुन्थ्यो । तर अहिले त सम्पत्तिको नाममा एउटा भैंसी मात्र बाँकी छ त्यसलाई खुवाउने दानापराल समेत छैन ।' 'सुनकोसीको वेग शान्त भएको भए, छालहरूले आफ्नो बाटो नफेरेको भए र्याफ्टिङको मज्जा लिन आउनेलाई गाइड गर्दा, अझ आफ्नै हातले खियाएको ढुङ्गाबाट मुन्छेलाई वारिपारि गर्दा कति आनन्द आउँथ्यो,' उनी सम्झन्छन् । असोजमा आएको बाढीले उनको घरखेत मात्र बगाएन उनको विश्वास र भरोसालाई पनि बगर बनायो । सुनकोसीको शान्त वेग अचानक आक्रान्त भएर बस्ती छिर्‍यो । नदी तटका घरवास नै उजाडियो । सडक किनारमा अवैज्ञानिक तरीकाले खोलिएका ऋसर उद्योगले बस्तीलाई बगर बनाउन महत्त्वपूर्ण भूमिका खेलिदियो । बाटो नै फेरिएपछि केको डर र ! नदीलाई । पहुँच र दम्भमा खोलिएको ऋसरको सहयोगले ६० घर डुबायो केही बगायो । सयौं मान्छेका घर– खेत बारीलाई खहरेको सहयोगमा बगर बनाइदियो । नयाँ बाटो बनाएर पुरानो तटदेखि करीब दुई सय मिटर माथि नदी छिर्‍यो र बस्तीमा बालुवा र लेदो भरिदियो । 'घर खेतबारी पशुचौपाया पनि पुरिदियो । बाँकी राख्यो त केवल हड्डी र छालाको शरीर, दुखेको मन मात्र' मानबहादुर सम्झन्छन् । राहतका नाममा आएका सामग्रीले केही दिन गुजारा त चल्यो तर खेतबारी बगर भैदियो । आजभोलि बिहान बेलुका छाक टार्नसमेत धौधौ छ मानबहादुरलाई । बाढीपछि परिवार तितरबितर भयो ।

'काम खोज्न शहर गएको कान्छो फर्केर आएको छैन' उनी भन्छन् । 'सरकार नि छ र ?' प्रश्न सोध्ने पत्रकारलाई नै उनी प्रश्न गर्छन्, 'पत्रकारले लेखेर नि केही हुँदैन, कसैले केही गर्दैन । बरु यही बालुवामा बालीनाली उमार्न सक्यो भने अर्को साल खान पाइएला ।' काठमाडौंबाट ९० किलो मिटरको दूरीमा रहेको मुलकोट सुनकोसीको नदी तटीय क्षेत्रलाई बाढीले खण्डहर बनाइदियो । त्यही बगरमा मनबहादुर जस्ता दर्जनौंको सपना बगेर गयो । कयौंलाई सुकुम्वासी बनायो । फागुनको मध्यसँगै मौसममा केही परिवर्तन देखिएको छ । केही न्यानो महसूस हुँदै छ । प्रकृति रिसाए पछिको विध्वंसले वरिपरि धुलोका कणले ढाकेर तुवाँलो जस्तो अझै कायम नै छ । परपर बोटवृक्ष पनि खहरेले छाडेका डोबको चोट भुलाउँदै स्वप्निल स्वर्गमा हराएको आभास गरिरहेका छन् । पूर्व क्षितिजलाई नै हल्लाउँदै आकाशमा कालो बादल मडारिन शुरू भइसकेको छ । सुनकोसी तीरको बस्तीमा बालुवा सेताम्मे टल्किएको छ । ढुङ्गा, ग्रेग्रायानका आड लागेर पारीपट्टिको सित्खा बजार नै सुनकोशीमा झर्ला झैं गरेर पहिरोको सिरानी बनेर बसेको छ । बगरमा रूपान्तरण भएको मुलकोटका ६० घरसँगै सानुको जीन्दगी पनि डुबेको छ । विगतले सताए, तर्साए पनि उनको जिन्दगी नै रित्तो बनाएको छ । घरमा खान नै नभएपछि कामको खोजीमा गएको उनको जुठे अझै आएको छैन । बिहान रिमरिम उज्यालो हुन नपाउँदै 'गुड मर्निङ' लेखिएका चित्र पठाएर उनलाई ब्यूँझाउने जुठे अहिले कुहिरोमा हराएको काग जस्तै हराएको छ । न त म्यासेज गर्छ न त आउँछ । न त कहिल्यै अनलाइनमा भेटिन्छ । 'यो सम्झनाको लत पनि कुलत नै रहेछ । मनैमन अँगाल्ने त्याग्ने फेरि पुरानै ठाउँमा आफैलाई फर्काएर कल्पनाको तरेलीमा रमाउने ! मन न त सबैसँग छरिएर बाँडिन मान्छ, न त रमाउन सकेको छ, भोक अभाव र तनाव भित्र लेक, बेंसी, फाँट र धुनभित्र लुकामारी खेल्दै सुख, दु:खका उकाली ओराली गर्न खोज्ने कस्तो निष्ठुरी ऊ !' नाङ्गे डाँडामा बसेर तलको बगरतिर नियाल्दै उनी रुन्चे हाँसोका साथमा कल्पना गर्छिन् । "यो जुठे पनि हाम्रो दलका नेता जस्तै रहेछ 'बा' ! अप्ठेरोमा आउँछ सहज भएपछि हराइहाल्छ । शायद यो पनि ठग भै सक्यो कि ! नत्र त फर्केर आउनुपर्ने हिजो जस्तै सताउनु पर्ने । कसरी दिन काट्दी हो । सम्झनु त पर्ने ? शहरआँ छिरेपछि बिर्सिजाने ऊ पनि नेता नै रहेछ नि !" उनी सुनाउँछिन् । ओइलिएको फूल जस्तै छ बस्ती । केही सम्पन्न र पहुँचवालाले फेरि फुलाइसके । हामी जस्ता निरीहहरू बेवारिसे भयौं । केही भोक, प्यास र अभावमा छटपटाइरहेका छन् भने केही फेरि नयाँ शुरूआत गर्न बालुवामा जिन्दगी खोजिरहेका छन् । राज्यलाई नियन्त्रण गर्नेले गरीबको भोट मात्र देखेका छन् । समय मिले त्यसलाई तीनपानेमा खरिद गरिदिन्छन् । पछि ठाउँमा पुगेपछि पीडितका भाव उनीहरूका लागि लज्जाका विषय बन्छन् । उनीहरूका सबै कुरालाई विश्वास गर्दै आउने सर्वसाधारण भेडाकी बाध्यताको लगाम खिचेर, दु:खीको परिस्थितिलाई तीनपानेमा नियन्त्रण गर्ने उनीहरू भेडा ! सानु सम्झनसम्म सक्दिन । उनलाई यति थाहा छ जे गर्नुपर्छ आफैंले गर्नुपर्छ । यहाँ न त राज्य छ न त कोही । उनलाई पटक पटक सञ्चार माध्यममा पीडा सुनाउनु पर्दा दिक्क लाग्न थालेको छ । अभिभावक मात्र होइन यहाँ बालबालिका पनि बिचल्लीमा छन् । आफ्नो राजनैतिक अभीष्ट पूरा गर्न दम्भका आधारमा नदी किनारमा खोलिएको विद्यालयमा आवासीय सुविधा सहित अध्ययन गरिरहेका विशेष बालबालिका विद्यालय जानबाट वञ्चित छन् । कक्षा पाँचमा पढ्ने रिना स्कूल नगएको सात महिना भयो । घरबाट हिंडेर पुग्ने भए पो जानु । बौद्धिक अशक्त उनको विद्यालय जाने सपनालाई बाढीले अनिश्चित बनाइदियो । स्पष्ट आफ्ना मनका कुरा खोल्न नसक्ने उनलाई अहिले पनि विद्यालय जान त मन छ नि ! तर पुग्न सक्दिनन् । विद्यालयले पनि अहिले राखेर पढाउन नसक्ने बताएको छ । 'स्कूल जान त मन छ नि ! तर के गर्नु विद्यालयमा हामी बस्ने ठाउँ पुरिएको छ, बस्ने डेस्क बेन्च पनि पूरै भाँचिएका, उक्किएका छन् । हामी बस्न नमिल्ने भएको छ ।' भविष्य के हो ? कसरी बाँच्नेसम्म थाहा छैन रिनालाई । तर यति थाहा छ पढ्नुपर्छ । विद्यालय जानुपर्छ । मुलकोट आसपासका २२ जना बालबालिका आवासीय रूपमा अध्ययन गर्थे पशुपति आधारभूत विद्यालय मुलकोटमा । बाढीसँगै अहिले उनीहरूको भविष्य बगेर गएको छ । विद्यालयले घेरोबारा नगरी उनीहरूलाई बचाउन नसक्ने भनेर घरैमा थन्क्याएको छ । साधारण बालबालिका पनि केही गरी विद्यालयको खेल मैदानबाट चिप्लिए सुनकोसीमा बग्ने सम्भावना धेरै छ । विद्यालय सञ्चालन गर्न अनुमति दिँदा विद्यालयको नक्साङ्कन गर्ने परिपाटी हुन्छ भन्ने न त रिनालाई थाहा छ न त पढ्न नपाएर घरैमा समय कटाएका अन्य विशेष बालबालिकाका अभिभावकलाई । कसैले बुझाउँदो हो जथाभावी पहुँचका आधारमा प्रतिकूल भूगोलमा विद्यालय खोल्न पाइँदैन भनेर ! विद्यालयमा थुप्रिएको बालुवा, लेदो, कंक्रिट त श्रमदान गरेर पन्छाइएको छ । तर सुरक्षित महिनावारी कक्षामा रहेका प्राथमिक उपचारकिट अहिले नि पुरिएको अवस्थामा छन् । त्यो कोठाभरि लेदो जस्ताको त्यस्तै छ ।

अहिले धुलाम्मे कक्षाकोठा र बगरमा रूपान्तरण भएको खेल मैदानमा सय जना जति ससाना बालबालिका पढिरहेका छन् । खेलिरहेका छन् । बिहानीको प्रार्थनामा शिरदेखि तीरसम्म धुलाम्मे भएका बालबालिकालाई अब कुन खालको समस्याले सताउने हो ! त्यसको कल्पना गर्न पनि राज्य शक्तिलाई फुर्सद छैन । राज्य त व्यक्तिका पछि लागेको छ । जनतालाई हेर्ने फुर्सद नै कहाँ छ र ? आफ्नो विरोधीलाई कहाँ लगेर फसाउँको नीतिमा छन् देशका ठेकेदारहरू के को जनता ? कहाँको पीडित ? दललाई 'को' कसका पछि लागेको छ । कसले कसको झोला बोक्छ त्यसको हेक्का राख्नु छ । संघसंस्थालाई कागजमा प्रतिवेदन तयार गरेर एकदुई भिडियो र फोटो खिच्नु न हो ! संविधानले प्रदत्त गरेको बालबालिकाको पढ्न पाउने मौलिक अधिकारलाई कुण्ठित गर्दै एक शैक्षिक सत्रलाई पछि धेकेलेको छ । एक शैक्षिक सत्रले यी विशेष बालबालिकाको भविष्यमा कस्तो असर पार्छ कसले सोच्ने ! विपद्पछिको पुन: निर्माणका लागि संघ सरकारको उपस्थिति शून्य छ । नदी तटमा २ हजार ६१ सालदेखि सञ्चालनमा ल्याइएको विद्यालय भवन वरिपरि लगाइएको तारबारका केही भाग अहिले नि देखिन्छ तर अधिकांश भागमा बालुवाले पुरेको छ । स्थानीय सरकारसँग यसको व्यवस्थापन गर्न पैसो छैन रे ! विद्यालयलाई व्यवस्थित गर्न विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पालिका, जिल्ला, प्रदेश हुँदै केन्द्र सरकारसम्म पुगेका त छन् । तर कतैबाट आश्वासनभन्दा अरू पाएका छैनन् रे ! सोही ठाउँमा विद्यालय पुनर्निर्माण गर्ने कि स्थानान्तरण गर्नुपर्ने कसले खोज्ने हो । यही हेलचेक्र्याइँ कारण बालबालिकाको पढ्न पाउने मौलिक अधिकार कुण्ठित त हुने होइन ?

***-साहित्यपोस्ट डटकम***

# रामपुरमा पत्रकार डोटेल सम्मानित



**पाल्पा, चैत १**/पाल्पाली पत्रकार सिता डोटेल सम्मानित भएकी छन् । रामपुर नगरपालिका-६ बिजयपुर निवासी समाजसेवी सुब्बा लोकनाथ रेग्मी उपाध्यायको स्मृतिमा रेग्मी परिवारले स्थापना गरेको 'सुब्बा लोकनाथ रेग्मी उपाध्याय स्मृति अक्षयकोष'बाट डोटेल सम्मानित भएकी हुन् ।

सामाजिक क्षेत्रमा पत्रकारिताको माध्यमबाट खेलेको महत्वपूर्ण भूमिकाको उच्च कदर गर्दै उनलाई सम्मान गरिएको हो । डोटेल २ दशकदेखि रामपुरमा रहेर पत्रकारिता गर्दै आएकी छन् । उनी सञ्चारिका समुह पाल्पाका अध्यक्ष, सबल न्युज डटकमका प्रबन्ध निर्देशक, नेपाल पत्रकार महासंघको केन्द्रिय परिषद् सदस्य समेत हुन् । सामुदायिक रेडियो रामपुरको स्थापनाकालदेखि एक दशक लामो समय रेडियोमा आवद्ध डोटेल हाल आफ्नै अनलाईन सञ्चालन गर्दै आएकी छन् । उनले विभिन्न पत्रिका र टेलिभिजनमा समेत जिल्ला संवाददाताको रुपमा काम गर्दै आएकी छन् । पत्रकार डोटेल कालीगण्डकी फाउण्डेशन नेपालको सचिव, खेलकुद पत्रकार मञ्चको जिल्ला सदस्यसहित विभिन्न सामाजिक क्षेत्रमा समेत क्रियाशिल छन् । डोटेलसहित उक्त अक्षयकोषबाट रामतुलसी नमुना माविका प्रध्यानध्यापक बालकृष्ण लम्साल समेत सम्मनित भएका छन् । उपाध्यायको नाममा रेग्मी परिवारले स्थापना गरेको अक्षयकोषबाट हरेक बर्ष सामाजिक क्षेत्रमा महत्वपुर्ण भूमिका खेल्ने २ जनालाई सम्मान गरिदै आइएको छ । शताब्दी पुरुष समेत रहेका उपाध्यायको गत २०७८ साल चैत्र १ गते १०१ बर्षको उमेरमा निधन भएको थियो । उपाध्यायको तेस्रो स्मृति दिवसको अवसरमा रामपुर नगरपालिका- ६ वडा कार्यालयसँगको समन्वयमा रेग्मीका श्रीमती तथा अक्षयकोषका संरक्षक तिलकुमारी रेग्मी, छोराहरु नारायण प्रसाद, सुदनप्रकाश र ओम प्रकाश रेग्मी बुहारी र रेग्मी परिवार सहित वडाध्यक्ष दिवाकर देवकोटा लगायतले सम्मानित व्यक्तिहरुलाई नगद सहित सम्मान पत्रले सम्मान गरेका हुन् ।

## पाल्पामा फागु जोगाउँदै...

...तर, विगत चार-पाँच वर्ष यतादेखि फागु पर्वलाई अनुशासित भएर मनाउने गरिएको पाइन्छ । यसअघिको जस्तो एक हप्ताअघिदेखि बाटोमा हिँड्ने नागरिकले खेप्नुपर्ने सास्ती भने यस वर्ष सामना गर्नु नपरेको तानसेनको टुँडिखेलमा होली खेल्न आएकी कमला सूर्यवंशीले बताइन । उनी भन्छिन् 'होलीकै दिन पनि खेल्न नचाहनेलाई बाध्यात्मक अवस्था छैन हुलमै पुगेर पनि बचनसक्ने अवस्था छ ।' समयक्रमको विकाससँगै होली मनाउने शैली र परम्परामा निकै परिवर्तन आएको उनको बुझाई छ । बतासेडाँडामा साथीसँग होली खेल्दै गरेकी मनिषा आलेलाई कुनै अपरिचितले रङ लगाइदेला र लोला हान्ला भन्ने संशय थिएन । नेपाल प्रहरीले कसैलाई जबरजस्ती छुन नपाइने र अनुमति बिना होली खेल्न नहुने भन्दै कारवाही सुरु गरेपछि होली सभ्य बन्दै गएको उनको बुझाइ छ । आलेको जस्तै अनुभव छ, भगवतीटोलकी विनु गाहा र सिर्जना बस्नेतको । उनीहरू दुवैजना होली खेल्न टुँडिखेल पुगे । तर बाटोमा कसैले दुर्व्यवहार गरेनन् । कसैले जबरजस्ती रङ दलेनन् । लोला हानेनन् । 'अहिले त होली निकै अनुशासित ढङ्गले खेल्न थालिएछ', विनुले भनिन्, 'सुरक्षित र सभ्य भएपछि थप रमाइलो पनि भएको छ ।' होलीका बेला देखिने विकृति अहिले भने क्रमश: हराउँदै गएको छ ।

## पूर्व विशिष्टहरुलाई सुविधा...

...पछिल्लो समय सकारात्मकभन्दा नकारात्मक टीकाटिप्पणी बढी हुने गरेको भन्दै बाहिर हुने हल्लाको पछाडी नलाग्न उहाँले कार्यकर्तालाई आग्रह गरे । लामो समय सरकारले स्थायित्व नपाउँदा धेरैमा निराशा छाएको भन्दै उनले वर्तमान सरकारले विकास निर्माण र जनताको आवश्यकताअनुसार काम गर्ने प्रतिबद्धता जनाए । उपप्रधानमन्त्री सिंहले भन्नुभयो, 'केही हुँदै भएन भन्नु गलत हो, देशमा धेरै परिवर्तन भएको छ, आम नागरिकका इच्छाचाहाना असीमित छन्, त्यसलाई सरकारले क्रमैसँग सम्बोधन गर्दै गएको छ, नयाँ सरकार बनेपछि जनतामा भएको निराशा पनि चिरिँदै गएको छ ।' मन्त्री सिंहले नेपाली काँग्रेस र नेकपा (एमाले) गठबन्धनको सरकार परिस्थितिको उपज भएको समेत बताए । उनले देशमा जब राष्ट्रिय सङ्कट पर्छ तब काँग्रेसले नेतृत्व लिएको उल्लेख गर्दै यसपटक देशको सङ्कट समाधान गर्न एमालेसँग गठबन्धन गर्नुपरेको उल्लेख गरे । सिंहले अब बोल्नेभन्दा पनि उपलब्धि देखाउनुपर्ने बेला आएको पनि बताए । उनले जनताले बोलीभन्दा पनि परिणामको अपेक्षा गरिरहेकाले सोहीअनुसार सबै अगाडि बढ्नुपर्नेमा जोड दिए । कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य नैनसिंह महराले बहुमत प्राप्त गरेर मात्र सरकार स्थिर नरहने भन्दै नेताहरूले चरित्र परिवर्तन गर्न जरुरी रहेको बताए । उनले काँग्रेस महाधिवेशन हुने नहुने तल्लो तहमै निर्भर रहेको उल्लेख गरे । महराले भने 'वडा, टोल समितिबाटै काम भए मात्र पार्टीको महाधिवेशन हुन्छ नत्र हुन्न ।' नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले जनतामा निराशा छाएकाले त्यसलाई चिर्न काँग्रेसको काधमा जिम्मेवारी आएको बताए । काँग्रेस पाल्पाका निवर्तमान सभापति तथा लुम्बिनी प्रदेश सांसद वीरबहादुर रानाले जनतामा असुन्तुष्टी पैदा भएकाले त्यसतर्फ पार्टी नेतृत्वले ध्यान दिनुपर्ने उल्लेख गरे । 'हामी सधैं भुइ मान्छेको जिम्मेवारी लिएर काम गरेका छौं तर केन्द्रीय नेतृत्वका कारण साथीहरुको मनोवल गिरेको छ' उनले भने । सांसद रानाले तानसेनलाई साँस्कृतिक नगरको रुपमा विकास गर्ने दिशामा ध्यान दिन मन्त्री सिंहलाई आग्रह गरे । काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, उपसभापति झपेन्द्र गहिरेको स्वागत, सचिव सन्तोष कुमार थापाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

### खेलकुद समाचार

## वुमन्स डे कप : नेपालले हङकङलाई हरायो



**काठमाडौं, चैत १**/युगाण्डामा जारी चार देश सम्मिलित वुमन्स डे कपअन्तर्गत समूह चरणको अन्तिम खेलमा नेपालले जित निकालेको छ । शुक्रबार भएको खेलमा नेपालले हङकङलाई ६ विकेटले हराएको हो ।

हङकङले दिएको १०५ रनको लक्ष्य नेपालले ३ बल बाँकी छँदा ४ विकेटको क्षतिमा पूरा गरेको हो । नेपालका लागि सम्झना खड्काले सर्वाधिक ४७ रन बनाइन् । पुजा महतो २० रनमा अविजित रहँदा इन्दु बर्माले १८ रन बनाइन् । हङकङका मेहक दिप र लाइ विनले १-१ विकेट लिए । त्यसअघि एन्टेबे मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको हङकङले २० ओभरमा ८ विकेट गुमाएर १०४ रन बनाएको थियो । कुनै समय १३० रनको हारहारीमा योगफल पुग्ने देखिएपनि अन्तिम ४ ओभरमा हङकङले ८ रन मात्र जोड्यो । हङकङका लागि शान्जिन शाहजादले अर्धशतकीय पारी खेलिन् । प्रतियोगिताकै पहिलो अर्धशतक प्रहार गर्ने क्रममा उनले ४७ बलमा ५४ रन बनाइन् । त्यस्तै चान का यिङले १६ तथा यास्मिन दस्वानीले १४ रन बनाइन् ।

नेपालका लागि राजमती ऐरले ४ ओभरमा १७ रन दिएर ३ विकेट लिइन् । कप्तान इन्दु बर्माले ४ ओभरमा १२ रन दिएर २ विकेट लिइन् । पुजा महतो र ईश्वरी विष्टले १-१ विकेट लिए । समूह चरणका ६ मध्ये चार खेलमा पराजित भएको नेपालका लागि शीर्ष २ मा परेर फाइनल खेल्ने सम्भावना सकिइसकेको छ । नेपाल समूहमा चौथो हुने पनि निश्चित भइसकेको छ । नेपालको ६ खेलमा ४ अंक मात्र छ भने युगाण्डा, नामिबिया र हङकङको समान ६ अंक छ । शीर्ष २ टोलीले फाइनल खेल्दा समूहमा तेस्रो र चौथो हुने टोलीले तेस्रो स्थानका लागि खेल्नेछन् । पहिलो खेलमा नेपाल नामिबियासँग पराजित भएको थियो भने दोस्रो खेलमा युगाण्डालाई हराउँदा तेस्रो खेलमा हङकङ र चौथो खेलमा नामिबियासँग पराजित भएको थियो ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा

विज्ञापन दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## सुनको भाउ हालसम्मकै उच्च, प्रतितोला रु चार हजारले बढ्यो



**काठमाडौं, चैत्र १**/स्थानीय बजारमा सुनको मूल्य हालसम्मकै उच्च बिन्दुमा पुगेको छ । शुक्रबार सुनको मूल्य प्रतितोला रू चार हजारले बढेर रू एक लाख ७४ हजार पाँच सय कायम भएको छ । स्थानीय बजारमा बिहीबार सुन प्रतितोला रू एक लाख ७० हजार पाँच सयमा कारोबार भएको थियो । त्यस्तै शुक्रबार चाँदीको मूल्य प्रतितोला रू दुई हजार ५० कायम भएको छ ।

नेपाल सुन चाँदी व्यवसायी महासैका प्रथम उपाध्यक्ष धर्मसुन्दर बज्राचार्यले आन्तरिक कारण भन्दा बाह्य कारणले सुनको मूल्य बढेको बताए । "अमेरिकी डलरको मूल्यवृद्धि, अन्तरराष्ट्रिय राजनीतिक घटनाक्रमलगायतका कारणले मूल्य बढेको हो । अन्तरराष्ट्रिय बजारमा भएको मूल्यवृद्धिअनुसार समायोजन गर्दा स्थानीय बजारमा हालसम्मकै उच्च मूल्य कायम भएको हो", उनले भने । अन्तरराष्ट्रिय बजारमा शुक्रबार सुनको मूल्य प्रतिऔंस दुई हजार ९८२ अमेरिकी डलर हाराहारीमा कारोबार भइरहेको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई